आदरणीय नगरवासी दाजुभाई एवं दिदीबहिनीहरू,

तपाईहरूको साथ एवं सहयोगले सरकारद्वारा घोषित बन्दाबन्द (LUCK DOWN) को पालना तथा भारत लगायत विदेशबाट आएका संक्रमणका शंकास्पद व्यक्तिहरूलाई क्वारेन्टाइनमा राखी कोभिड १९ को संक्रमण नियन्त्रणको अवस्थामा राख्न सफल भएकाछौं । हालसम्म समुदायमा रोग फैलिएको छैन । यस सहयोग एवं धैर्यताका लागि सम्पूर्ण नगरवासी दाजुभाइ एवं दिदीबहिनीहरूमा हार्दिक धन्यवाद प्रकट गर्दछु । विश्वका अन्य मुलुकहरूमा बन्दाबन्द(LUCK DOWN) हटाएपछिको सामान्य अवस्थामा यस रोगको नया रोगीहरूको संख्यामा वृद्धि भएको छ । हाम्रो देशमा यहि श्रावण ६ गते बन्दाबन्द(LUCK DOWN) हटाएपछिको अवस्थामा पनि विभिन्न ठाउमा मान्छेहरूको भिडभाड हुने पसल हटिया बजारका पसल मालिक,कामदार र ग्राहकहरूमा संक्रमण फैलिएको पुष्टि भएको छ । विश्वभरी महामारीको अवस्था कायम रहेको छ । न्युन साधन एवं अप्रयाप्त सेवा सुविधाका कारण हाम्रो देशको अस्पतालको आइ.सि.यु.मा भर्ना हुने कोभिड १९ का संक्रमित सिकिस्त विरामी मध्ये अधिकांश विरामीको मृत्यु भएको छ (डा.जागेश्वर गौतम,२०७७/०४/१० गते कान्तिपुर एफ एम)। तसर्थ,यस कोरोना भाइरस रोग(COVID 19) को महामारीको अवस्था कायम रहेसम्म आवश्यक आर्थिक उपार्जन एवं जिविकोपार्जनका कामकाज गरौं । अनावश्यक घुमफिर,भेटघाट नगरौ । आर्थिक उपार्जन एवं जिविकोपार्जन संकटमा पर्ने गरी पुन: बन्दाबन्द(LUCK DOWN) हुने अवस्था आउनबाट सतर्क बनौ । यसबाट बच्ने उपाय सम्बन्धी विज्ञहरूको सल्लाह एवं नेपाल सरकारको निर्देशन पालना गरौं ।

**बच्ने उपाय सम्बन्धी विज्ञहरूको सल्लाह एवं नेपाल सरकारको निर्देशन**

- ✓ घर बाहिर निस्किदा अनिवार्य मास्क लगाउने,
- ✓ कार्यस्थलमा व्यक्तिहरूबिच २ मिटरको दुरी कायम राख्ने,
- ✓ यो रोग सर्न सक्ने प्रत्येक क्रियाकलाप अगाडी र पछि साबुनपानी वा स्यानिटाइजरले हात सफा गर्ने,
- ✓ भिडभाडमा नजाने,
- ✓ संक्रमणको शंका लागेमा तुरून्त स्वास्थ्य कर्मीको सल्लाह लिने,
- ✓ संक्रमणका शंकास्पद व्यक्तिलाई क्वारेन्टाईन वा आइसोलेशन केन्द्रमा पठाउने,
- ✓ बजारबाट ल्याइएका फलफूल तथा तरकारी राम्ररी पखालेर मात्र घरभित्र लग्ने ।

वेद नारायण गच्छदार
नगरप्रमुख
दुहबी नगरपालिका